नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई
सिंहदरबार, काठमाण्डौ ।

प. सं.:- ०६२/६३
च. नं.:- ४६९

मितिः २०७३।३।१९

विषयः **Focal Person तोक्ने सम्बन्धमा ।**

श्री जिल्ला विकास समितिको कार्यालय (सबै),
श्री महानगर/उपमहानगर/नगरपालिका (सबै) ।

प्रस्तुत विषय, यस LGCDP– II कार्यक्रमबाट जिल्ला तथा नगरस्तरमा सञ्चालन हुने क्रियाकलापको अनुगमन, सहजीकरण तथा रिपोर्टिङ्ग गर्न सबै जिल्ला विकास समिति तथा नगरपालिकाहरुमा एक/एक जना सम्पर्क व्यक्ति (Focal Person) तोकी सोही अनुसार काममा लगाउने निर्णय भएकोले तपसिल बमोजिम हुने गरी Focal Person तोकी सो को जानकारी यथासिघ्र सम्बन्धित क्षेत्रीय समन्वय इकाई तथा यस कार्यालयमा पठाउनु हुन मिति २०७३।०३।१६ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

१. कार्यक्रम अधिकृत/सामाजिक विकास अधिकृत वा इन्जिनियर करारमा नियुक्ति गरिसकेका जिविस तथा न.पा. हरुमा सोही कर्मचारी ।
२. उपयुक्त बमोजिम नियुक्ति गर्न बाँकी रहेका जिविसहरुको हकमा सम्भव भएसम्म स्थानीय विकास कोषको कार्यकारी सचिव, कार्यकारी सचिव नभए सामाजिक विकास अधिकृत वा कार्यक्रम अधिकृतमध्ये एक जना र सो पनि नभएको अवस्थामा जिविसले तोकेको कुनै एक अधिकृतस्तरको कर्मचारी ।
३. नगरपालिकाहरुको हकमा LGCDP कार्यक्रमको तर्फबाट नियुक्त भएका इन्जिनियर भए सोही कर्मचारी, यसरी नियुक्त नभईसकेको अवस्थामा सामाजिक विकास अधिकृत वा कार्यक्रम अधिकृत र सो पनि नभएको अवस्थामा नगरपालिकाले LGCDP कार्यक्रम हेर्न तोकेको अन्य उपयुक्त कर्मचारी ।

**बोधार्थ :-**

क्षेत्रीय समन्वय इकाई (सबै) :-
सम्बन्धित स्थानीय निकायहरुसँग समन्वय गरी Focal Person को विवरण अद्यावधिक गर्नु हुन तथा आ-आफ्नो क्षेत्रभित्रको जिविसगत तथा नगरपालिकागत विवरण यस समन्वय इकाईमा पठाउनु हुन ।

०७३।०३।१९
रमेश शर्मा
प्रशासकीय अधिकृत

फोनः ४२००२८२, ४२००३३३, ४२००३३४, फ्याक्स नं.: ९७७-०१-४२००३२६, ईमेलः lgcdp@wlink.com.np, वेब पेजः www.lgcdp.gov.np